# सोलुदुधकुण्ड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सल्लेरी, सोलुखुम्बु

प.सं २०७४/२०७५ **नं. १ प्रदेश नेपाल**

च.नं मिति २०७५/०३/२९

## प्रेस-बिज्ञप्ति

मिति २०७५।०३।२९ गते सोलुदूधकुण्ड नगरपालिकाको कार्यापालिका बैठक सम्पन्न भयो । उक्त बैठकमा जलबिद्युत प्रभवित क्षेत्र विस्तार, व्यक्तिगत घटना दर्तालाई अनलाईन मार्फत गर्ने, सडकहरुको स्तरोन्नति, फोहोरमैला व्यवस्थापन, खुला दिसामुक्त अभियान लगायतका विषयहरुमा छलफल गरी निर्णय भयो ।

**निर्णयहरु :**

१. पत्तालेमा सोलार वत्ती योजना कार्यान्वयन गरेकोमा उपभोक्ता समितिले सोझै बजारबाट खरीद गरेका सामान बाहेक अन्य श्रमदान हुने कार्यमा मात्र श्रमदान गर्ने गरी रु. ३ लाख उपलब्ध गराउने साथै बेनी चारघारे बिद्युत् विस्तार काम थप भएकोले रिभाइज इस्टिमेट स्वीकृत गरी कार्य सम्पन्न प्रतिवेदन अनुसार उपभोक्ता समितिलाई रू. ७ लाख थप रकम भुक्तानी गर्ने ।

२. वडा नं. ७ र ८ को सवारी साधन खरीद कार्यलाई स्वीकृत गरी आगामी सभाबाट अनुमोदन गर्ने।

३. वडा नं. ५ को फोहोर व्यवस्थापन स्थललाई उपलब्ध गराइएको वजेट रकम रु. ३,३९,७००।०० लाई समर्थन गर्ने ।

४. खानेपानी तथा सरसफाई सब-डिभिजन कार्यालयबाट खुला दिसा मुक्त अभियानका लागि प्राप्त बजेट रु. ४००,००० वडा नं. २,४,५,६ र ७ लाई क्रमशः ८० हजारका दरले उपलब्ध गराउने ।

५. टाप्टिङ खोला ट्रस ब्रिजलाई नपुग रकम रु. १,१३,०००।०० पक्की पुलहरूको सर्भे कार्यमा बचत हुने वजेटबाट उपलब्ध गराउने ।

६. सल्लेरी पेमा छोलिङ गुम्बालाई उपलब्ध गराइएको २०० वटा कुर्सीको भुक्तानी समर्थन गर्ने ।

७. नगरपालिका क्षेत्रभित्र निर्माणधीन जलविद्युत् प्रभावित क्षेत्र विस्तार गरी सम्पूर्ण नगरपालिकालाई प्रभावित क्षेत्र तोक्न विद्युत् विकास विभागलाई अनुरोध गर्ने ।

८. वडाहरूमा सडकहरूको स्तरवृद्धि भइरहेको ट्र्याकलाई निरन्तरता दिने सम्बन्धमा वडा अध्यक्षसँग समन्वय गरी कार्य गर्न नगरपालिकाको कार्यालयलाई निर्देशन दिने ।

९. वडा नं. ४, ५ र ६ मा श्रावण १, २०७५ बाट व्यक्तिगत घटनादर्ता अनलाइनमार्फत गर्ने ।

१०. फाप्लु अस्पतालको पहुँचमार्गका लागि जग्गा खरिद गर्ने कार्य अगाडि बढाउने ।

# सोलुदुधकुण्ड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सल्लेरी, सोलुखुम्बु

प.सं २०७४/२०७५ **नं. १ प्रदेश नेपाल**

च.नं मिति २०७५/०३/२९

११. जिल्ला प्रहरी कार्यालयको पहुँचमार्ग मर्मत सम्भार गर्ने तथा सशस्त्र प्रहरी कार्यालयबाट भवन मर्मतका लागि प्राप्त मागको सम्बन्धमा लागत अनुमानको आधारमा ७५ प्रतिशत सम्म रकम उपलब्ध गराउने ।

१२. दोर्पुस्थित अस्थायी प्रहरी चौकीका लागि फर्निचर र मर्मत संभारका लागि रु. ५० हजार सम्मको आर्थिक सहयोग गर्ने

१३. तेस्रो नगरसभाबाट स्वीकृत भएको कर्मचारी पदपूर्तिका लागि प्रक्रिया अगाडि बढाउने ।

१४. सेवा निवृत कार्यालय सहयोगी डम्वर बहादुर खडकाको ६ महिनाको घर विदा र विमारी विदा ८.८ महिना सहित जम्मा १४.८ महिनाको रु. १६२३०।०० का दरले तलव शीर्षकबाट उपलब्ध गराउने ।

..............................

रमिला भण्डारी

प्रशासकीय अधिकृत

रमिला भण्डारी
शाखा अधिकृत